मकवानपुरगढी गाउँपालिका
Makawanpurgadhi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Exucative
मक्राञ्चुली मकवानपुर
Makranchuli, Makawanpur

makawanpurgadhi.rmc@gmail.com
Website:makawanpurgadhimun.gov.np
Contact no. :9845461080 (Chairman)
Contact no.: 9855088966 (CAO)
वागमती प्रदेश, नेपाल
Bagamati Province , Nepal

पत्र संख्या (Ref.): २०७९/०८०
चलानी नं. (Dispatch no.) :

मिति: २०७९/१२/०९

## मृगौला प्रत्यारोपण गरेका,डायलाइसिस गरिरहेका,क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी सूचना

नेपाल सरकार,स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट मिति २०७८/१२/१३ मा जारी गरिएको मृगौला प्रत्यारोपण गरेका,डायलाइसिस गरिरहेका,क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि,२०७८ बमोजिम यस कार्यालयमा नियमानुसार रोग प्रमाणित कागजपत्र सहित निवेदन दर्ता गराएका विरामीहरुलाई चालु आ.व.२०७९/०८० मा औषधि उपचार बापत खर्च उपलब्ध गराउने प्रयोजनका लागि सो कार्यविधिको परिच्छेद-२ (४) बमोजिम “लाभाग्राहिले पाउने औषधि उपचार खर्च शर्तमा नेपाल सरकारले तोकेको मासिक पाँच हजार रुपियाँका दरले त्रैमासिक रूपमा महिनाको अन्तिम दिन स्थानीय तहले लाभग्राहीको बैंक खातामा जम्मा गर्नेछ । नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्था वा संगठन संस्थाबाट रोजगारी/निवृत्तिभरण वा विदेशी सरकारबाट रोजगारी/पेन्सन प्राप्त गरिरहेको व्यक्तिलाई यस निर्देशिका बमोजिम मासिक वृत्ति उपलब्ध गराईने छैन । त्यसगरी नेपाल सरकारबाट उपलब्ध गराईदै आएको ज्येष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, दलित भत्ता, पिछडीएको भत्ता, अपाङ्ग भत्ता लगायत नेपाल सरकारबाट साबिकमा पाई आएको सामाजिक सुरक्षा भत्ता वा यस निर्देशिका बमोजिम उपलब्ध गराईने मध्ये कुनै एक किसिमको भत्ता/मासिक वृत्ति मात्र प्राप्त गर्न सक्नेछन् । त्यसैगरी यसै कार्यविधिमा उल्लेखित एकभन्दा बढी रोग लागेका व्यक्तिले दोहोरो पर्ने गरी यस किसिमको भत्ता प्राप्त गर्ने छैनन्।” भन्ने उल्लेख भएको हुँदा सो बारे कुनै दावी विरोध छ भने वा सेवाग्राहीको मृत्यु भै सकेको भए सो को विवरण खुलाई ७ दिन भित्र सम्बन्धित वडा कार्यालय वा यस कार्यालयमा दावी विरोध गर्नुहुन साथै औषधि उपचार बापत खर्च पाउने व्यक्तिले अनिवार्य रुपमा बैंक खाता खोलेर सो खाताको चेकको फोटोकपि लिई सम्बन्धित विरामी वा निजको हकवाल/हेरालु यस कार्यालयको स्वास्थ्य शाखामा सम्पर्क राख्नुहुन सूचित गरिन्छ।

थप जानकारीको लागि सम्पर्क नं.:
९८६४७७७८५९
स्वास्थ्य शाखा

.....................................
रामकुमार पुडासैनी
प्रमुख प्रशासकीय अधिकृत